Accountability Watch Committee (AWC)
जवाफदेहितानिगरानी समिति

# संक्रमणकालीन न्याय सम्बन्धी मसौदामाथि निगरानी समितिको धारणा

मिति २०७५ असार १८ गते

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई प्रतिस्थापन गर्न सार्वजनिक भएको संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका सम्बन्धमा जवाफदेही निगरानी समितिको धारणा सार्वजनिक गर्न यो विज्ञप्ति जारी गरिएको छ ।

संक्रमणकालीन न्यायसम्बन्धी विद्येयक मसौदा पीडितलगायत सरोकारवाला बीच सरकारले संसदमा दर्ता गर्नुअघि छलफल र परामर्शका लगि सार्वजनिक गरेको कदम सकारात्मक छ । यस विद्येयकले नेपालको संक्रमणकालीन न्यायका संदर्भमा दिर्घकालीन असर पार्ने भएकाले यसमाथि अझ सघन छलफल र परामर्श प्रदेश र स्थानीय स्तरमा पनि पुगोस भन्ने सरकार समक्ष समितिको आग्रह छ ।

लामो प्रतिक्षापछि आएको प्रस्तावित मसौदाले नेपालको संविधान, सर्वोच्च अदालतको आदेश, मानव अधिकारका विश्वव्यापी मान्यता, अन्तर्राष्ट्रिय कानुन र संक्रमणकालीन न्यायका मान्य सिद्धान्तका मापदण्ड, मर्म र भावनालाई अझै समेट्न नसक्ने देखिएको छ । यसका कतिपय प्रावधानबाट घुमाऊरो ढंगले पीडकलाई उन्मुक्ति र पीडितलाई न्यायिक अधिकारबाट बञ्चित गरी दण्डहीनतालाई प्रश्रय दिने देखिएबाट यसमा ब्यापक परिमार्जन र सुधार गरी पीडक मैत्री मात्र नभै पीडित मैत्री बनाउन सरकार समक्ष समितिको आग्रह छ ।

संक्रमणकालीन न्याय प्रकृयाको पुर्वसर्त 'पीडितको विश्वास' हो । जबसम्म पीडितले यस प्रक्रियामा अपनोत्वको ग्रहण गर्दैनन् तबसम्म यो प्रकृया सफल हुनसक्दैन भन्ने निगरानी समितिको मान्यता छ । तर सरकारले गोर्खा फुजेलका कृष्णप्रसाद अधिकारी हत्यामा सर्वोच्च अदालतले छविलाल पौडेललाई पुर्पक्षका लागि थुनामा राख्न दिएको आदेश र मैना सुनुवार हत्यामा महासेनानी बबी खत्री, सहसेनानीद्वय अमित पुन र सुनिलप्रसाद अधिकारी दोषी रहेको भनी काभ्रे जिल्ला अदालतले कारबाही गर्न दिएको आदेशको हालसम्म पनि कारबाही नभएबाट भोलीका दिनमा पनि संक्रमणकालीन न्यायका संयन्त्र र बिशेष अदालतले गरेका सिफारिस र फैसला पालना हुन्छ भन्नेमा गम्भीर आशंका उत्पन्न भएको समितको ठहर छ ।

त्यसैले प्रस्तावित संक्रमणकालीन न्याय विद्येयकलाई पीडित मैत्री बनाउनका लागि ब्यापक परिमार्जन र द्वन्दकालमा भएका घट्नामाथि अदालतले गरेका फैसला तत्काल लागुगरी सरकारप्रति घट्दै गएको अविश्वास हटाउन र विधिको शासन पालना गर्न माग राखी विगत ३५ दिनदेखि आमरण अनसनमा रहेकी गंगामायाको जिवन रक्षासमेत गर्न नेपाल सरकारसंग हार्दिक अपिल गर्दछौं ।

गंगामाया हाल सरकारको अघोषित हिरासतमा रहेकी र सरकारले गर्नुपर्ने अदालतको आदेश कार्यान्वयन नगरेर उनको ज्यान लिने काम भए, सरकारमा रहेका सम्बन्धित अधिकारी व्यक्तिगतरुपमा जिम्मेवार हुन पर्नेछ । उनीहरु माथि व्यक्तिगत फौजदारी दायित्व श्रृजना हुने अन्तर्राष्ट्रिय कानुनको ब्यवस्था स्मरण गराउदै यथाशिघ्र गंगामायाको जिवनरक्षा गर्दै संक्रमणकालीन न्यायका लागि विश्वस्नीय वातावरण बनाउन पुनः अपिल गर्दछौं ।

समितिका तर्फबाट

चरण प्रसाई, संयोजक